# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
## Communist Party of Nepal (Maoist Centre)
### केन्द्रीय कार्यालय
### Central Office

पत्र संख्या : २०८१/०८२
चलानी नं. :५४

मिति: २०८१/०९/०१

इन्चार्ज/अध्यक्ष,
..........प्रदेश समिति
ने.क.पा (माओवादी केन्द्र)

**विषय: परिपत्र**

प्रिय कमरेड,

आज मिति २०८१ मंसिर २८ गते पार्टी अध्यक्ष कमरेड पुष्पकमल दाहाल 'प्रचण्ड' को अध्यक्षतामा पार्टी स्थायी समितिको बैठक बस्यो । उक्त बैठकमा भएका छलफल र निर्णयहरू जानकारी एवंम कार्यान्वयनका लागि यो परिपत्र जारी गरिएको छ ।

१. हालै निधन हुनुभएका पार्टीका केन्द्रीय सदस्य पदम राई (भोजपुर), जेष्ठ कम्युनिष्ट मञ्चका केन्द्रीय सदस्य द्वय क. पार्वती दुलाल (कञ्चनपुर) र क.लक्ष्मण यादव (सप्तरी) तथा भू.पू केन्द्रीय सल्लाहकार क. हरी सुवेदी (रुपन्देही) लगायत जनयुद्ध- जनआन्दोलनका सम्पूर्ण महान शहीदहरूप्रति १ मिनेट मौनधारण गरी हार्दिक श्रद्धाञ्जली र बेपत्ता तथा घाईते योद्धाहरूप्रति सम्मान प्रकट गरियो ।

२. **रिपोर्टिङ:**

बैठकको प्रारम्भमा अध्यक्ष क. प्रचण्डले राष्ट्रिय-अन्तराष्ट्रिय परिस्थितिको बारेमा संक्षिप्त रिपोर्टिङ गर्नुभयो । साथै स्थानीय उपनिर्वाचनको सन्दर्भमा पार्टीका प्रदेश इन्चार्ज कमरेडहरूले आ-आफ्नो प्रदेशको स्थितिको बारेमा रिपोर्ट गर्नुभयो । रिपोर्टको सार- संक्षेप यसप्रकार रहेको छ ।

- स्थानीय उपनिर्वाचनमा उत्साहजनक परिणाम प्राप्त भएको छ र हाम्रो पार्टीको पक्षमा जनमत गुणात्मक रूपले बढ्दै गएको देखिएको छ ।
- कयौं स्थानमा कांग्रेस र एमालेको गठबन्धनका साथै राज्यशक्तिको चरम दुरुप्रयोगका बावजुद पनि ति दुइ पार्टीको जनमत ह्रास उन्मुख अवस्थामा देखिएको छ ।
- यस उपनिर्वाचनमा हाम्रो पार्टीको सिङ्गो पङ्ति एकढिक्का देखिएको छ । हरेक स्थानमा नेतृत्व तहका कमरेडहरू समेतको क्रियासिलताले निर्वाचनलाई परिणाममुखि बनाउन सफल रहेको देखिन्छ ।

- यि उपलब्धिका अलावा पनि पूर्व-बिजय प्राप्त गरेका केही स्थानहरू गुम्नु, निर्वाचनको लागि सिङ्गो पार्टी पङ्तिलाई परिचालन गर्ने विषयमा सीमाहरू रहनु, निर्वाचनको लागि आवश्यक सवै पक्षहरूको प्रचुर प्रयोग गर्ने लगायतका बिषयहरूमा केही सीमा कमीकमजोरी पनि रहन गएका छन् ।
- यस स्थानीय उपनिर्वाचनको अनुभवबाट पाठ सिक्दै पार्टीलाई अझ नयाँ उचाइमा एकतावद्ध गराउने, जनस्तरसम्म पार्टी संगठनलाई बिस्तार र व्यवस्थित रूपमा परिचालन गर्ने, जनसंगठनहरूलाई व्यापक रूपमा बिस्तार गर्ने, पार्टीको नेतृत्व, पार्टीको सही बिचार र नीतिगत कार्यसूचीहरूलाई दह्रोसँग स्थापित गर्नुपर्ने बिषयमा जोड दिइएको छ ।

३. यहि पौष २ गतेदेखि बस्ने भनिएको पार्टी केन्द्रीय समितिको बैठक पौष २१ गतेदेखि बस्नेगरी सार्ने निर्णय गरियो ।

४. बिद्यार्थी मोर्चामा देखिएका समस्याहरूको सन्दर्भमा बिद्यार्थी नेतृत्वसँग परामर्श गरी सहमति जुटाएर समस्या समाधान गर्न पहल गर्ने निर्णय गरियो ।

५. मुलुकको बिद्यमान परिस्थितिमा बाम एकता र धुर्विकरणको आवश्यकतालाई ध्यानमा राखि समान बिचार भएका बाम घटकहरूसँग पार्टी एकता र धुर्विकरणमा जोड दिने । बिगतमा एकिकरण/समायोजन/पार्टी प्रवेश भएका कतिपय कमरेडहरूको सन्दर्भमा सांगठनिक जिम्मेवारी व्यवस्थापनमा उपेक्षा भएको भनि आएका गुनासोलाई ध्यानमा राखि एकिकरण/समायोजन/प्रवेश हुँदाका बखत स्थापित बाम घटकहरूमा जुन जुन स्तरमा कार्यरत रहेको थियो सोही स्तरमा समायोजन गर्ने र गैर बाम घटकहरूबाट पार्टी प्रवेश हुँदा सम्बन्धित पार्टी समितिहरूको निर्णय अनुसार समायोजन गर्ने निश्चित गरिएको छ ।

६. प्यालेष्टाइनमाथि इजरायली जनसंहारका बिरुद्ध संयुक्त हस्ताक्षर अभियानलाई देशब्यापी सञ्चालन गर्ने ।

*क्रान्तिकारी अभिवादन सहित*

देव गुरुङ
(महासचिव)

पुष्पकमल दाहाल 'प्रचण्ड'
(अध्यक्ष)

पेरिसडाँडा (कोटेश्वर), काठमाडौं, फोन :९७७-१-४६१२२८७, ४६१२२८८, ४६१२२९० फ्याक्स: ९७७-१-४६१२२८९ Email: cpnmcentre@gmail.com, Website: www.cpnmc.org